**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १० जनवरी २०२६**
**समयः १८:५० – १९:०० बजे**

## मुख्य समाचार

- प्रधानमन्त्री नरेन्द्र मोदी गुजरातको तीन दिने भ्रमणमा सोमनाथ पुग्नुभएको छ। उहाँले राज्यको राजधानी प्रभास पाटनमा "सोमनाथ स्वाभिमान पर्व" मा भाग लिनुहुनेछ।

- विश्वले आज विश्व हिंदी दिवस मनाइ रहेको छ । विश्व हिन्दी दिवस 2026 को अधिकारिक थिम " हिन्दी पारम्परिक ज्ञानसे कृतिम बुद्धिमता तक्क रहेको छ|

- पश्चिम बंगालमा अवैध कोइला तस्करीसम्बन्धी मुद्दाको अनुसन्धानका क्रममा कोलकातामा गरिएको खोजी अभियानबारे ईडी ले आफ्नो विस्तृत प्रतिवेदन दिल्लीस्थित केन्द्रिय मुख्यालयमा पठाएको छ।

- यस वर्षको विधानसभा चुनाव अघि पश्चिम बंगालमा मतदान केन्द्रको व्यवस्थाप्रति भारतीय निर्वाचन आयोग चिन्तित भएको छ।

- मौसम विभागले दार्जीलिङ, जलपाईगुड़ी, कुचबिहार तथा उत्तर दिनाजपुरमा बाक्लो कुहिरो लाग्ने अलर्ट जारी गरिएको छ।

- घैयाबारीमा भईरहेको नगदराशि फुटबल टुर्नामेन्टको पाँचौं खेलमा घैयाबारी एफसी क्वाटर फाइनलमा प्रवेश गरेको छ।

**प्रधानमन्त्री गुजरात भ्रमण**

प्रधानमन्त्री नरेन्द्र मोदी गुजरातको तीन दिने भ्रमणमा सोमनाथ पुग्नुभएको छ। उहाँले राज्यको राजधानी प्रभास पाटनमा मनाइँदै गरेको "सोमनाथ स्वाभिमान पर्व" मा भाग लिनुहुनेछ। यो कार्यक्रम १०२६ मा मन्दिरमाथि भएको आक्रमणको एक हजार वर्षा पूरा भएको र १९५१ मा स्वतन्त्रता पछि यसको पुनर्निर्माणको ७५ औं वार्षिकोत्सवको सम्झनामा मनाइन्दै छ। प्रधानमन्त्री मन्दिर परिसरमा "ओमकार जप" मा भाग लिनुहुनेछ। पूजा पछि, प्रभास पाटनको आकाशमा एक शानदार ड्रोन शो हुनेछ।भोलि, प्रधानमन्त्रीले शौर्य यात्रामा भाग लिनुहुनेछ र सोमनाथ महादेवको पूजा गर्नुहुनेछ। त्यसपछि उहाँले सोमनाथमा एक सार्वजनिक कार्यक्रमलाई सम्बोधन गर्नुहुनेछ। त्यसपछि उहाँ वाइब्रेंट गुजरात क्षेत्रीय सम्मेलनको उद्घाटन गर्न राजकोटको यात्रा गर्नुहुनेछ।

**विश्व-हिंदी दिवस**

विश्वले आज विश्व हिंदी दिवस मनाइ रहेको छ । विश्व हिन्दी दिवस 2026 को अधिकारिक थिम " हिन्दी पारम्परिक ज्ञानसे कृतिम बुद्धिमता तक्क रहेको छ| विदेशमा हिंदी भाषालाई बढ़ावा दिन विश्व हिंदी दिवस शुरु भएको थियो । यसको उद्देश्य कूटनीति, शिक्षा तथा सांस्कृतिक आदान-प्रदान सहित अंतरराष्ट्रीय मंचहरुमा हिंदीको उपयोगलाई प्रोत्साहन गर्नु हो। वर्ष 2006 मा आजकै दिन नागपुरमा पहिलो विश्व हिंदी सम्मेलन आयोजित गरिएको थियो । त्यसपछि प्रतेक वर्ष 10 जनवरीलाई विश्व हिंदी दिवसको रूपमा मनाइंदै आइरहेको छ । विदेश मंत्रालय अनि विदेशमा भारतीय मिशनहरुले पनि प्रतिवर्ष विश्व हिंदी दिवस पालन गर्दछन् । विदेश राज्यमंत्री कीर्ति वर्धन सिंहले भन्नु भयो-भाषाले संस्कृतिलाई जीवित राख्दछ अनि यसको उद्देश्य हिन्दी भाषाको माध्यमले देशको संस्कृति अनि समृद्ध विरासतको प्रसार गर्नु हो । विश्व हिंदी दिवसको अवसरमा हिजो विदेश मंत्रालय द्वारा आयोजित एक कार्यक्रममा श्री सिंहले भन्नु भयो-मंत्रालयले प्रवासी भारतीयहरुलाई हिंदीसित जोड़न ठुलो भूमिका निभाइ रहेको छ । उहाले भारतीय सांस्कृतिक संबंध परिषदले विश्व भरी हिंदी भाषालाई बढ़ावा दिनको लागि काम गरिरहेको बताउनु भयो । उहाँले सय

भन्दा अधिक देशहरुको  लगभग 770 संस्थानहरुमा हिंदी भाषा पढ़ाईने पनि बताउनु भयो । कार्यक्रम अवधि प्रधानमंत्री नरेन्द्र मोदीको संदेश पढेर सुनाइएको थियो, सन्देशमा हिंदी दिवसमा  विश्व भरि कैयौ कार्यक्रम आयोजित गरिएकोमा उहाँले प्रसन्नता व्यक्त गर्नु भएको थियो । उहाँले प्रवासी भारतीय हिंदी भाषाको राजदूत रहेको पनि बताउनु भयो। श्री मोदीले आफ्नो संदेशमा भारतको विकास अनि बडीरहेको वैश्विक प्रभावले विश्व भरिका मानिसहरुमा भारत अनि हिंदी भाषा प्रति रुचि बढिरहेको छ । यस अवसरमा  भारतमा  विदेशी दूतावासहरुका राजदूत अनि अन्य राजनयिकहरुले पनि भाग लिएका थिए।

**गृह अमित शाह**

केन्द्रीय गृह तथा सहकारी मन्त्री अमित शाहले कुनै पनि राज्यको विकासमा कानून व्यवस्थाको महत्वपूर्ण भूमिका रहेको बताउनुभएको छ। उहाँले राम्रो कानून व्यवस्था भएका राज्यहरूले बढी लगानीकर्ताहरूलाई आकर्षित गर्ने बताउनुभयो। आज दिउँसो जयपुरमा एक कन्स्टेबल नियुक्ति समारोहलाई सम्बोधन गर्नुहुदै श्री शाहले धेरै चुनौतीहरू हुदाहुदै पनि राजस्थान सरकारले कानून व्यवस्थामा विशेष ध्यान दिएको बताउनुहुदै यसले राज्यलाई लगानीकर्ताहरूको लागि मनपर्ने गन्तव्य बनाएको बताउनुभएको छ। उहाँले राजस्थानको भविष्य उज्ज्वल रहेको पनि बताउनु भयो। गृहमन्त्रीले भन्नुभयो  जब युवाहरूलाई सिफारिस, भ्रष्टाचारबाट मुक्त गरी पूर्ण पारदर्शी छनोट प्रक्रिया मार्फत रोजगारी दिइन्छ तब मात्र राज्यको प्रगति हुन्छ। श्री शाहले भर्ती प्रक्रिया भ्रष्टाचारमुक्त र निष्पक्ष हुनुपर्ने कुरामा जोड दिनुभयो। नयाँ भारतीय दण्ड संहिताको विशेषताहरूलाई उल्लेख गर्नुहुदै उहाँले यसको पूर्ण कार्यान्वयन पछि, FIR दायर भएको तीन वर्ष भित्र सर्वोच्च अदालतसम्म मुद्दाहरूको सुनुवाइ हुने बताउनुभयो।

**वित्तमन्त्री निर्मला सीतारमण**

पूर्व-बजेट बैठकहरूको क्रममा केन्द्रीय वित्तमन्त्री निर्मला सीतारमणले आज राजधानीमा राज्य तथा केन्द्र शासित प्रदेशका वित्तमन्त्रीहरूसँग बैठक गर्नुभयो। उक्त बैठकमा वित्त राज्यमन्त्री पंकज चौधरी र मन्त्रालयका वरिष्ठ अधिकारीहरू पनि उपस्थित हुनुहुन्थ्यो। संसदको बजेट अधिवेशन यस महिनाको २८ तारिखबाट सुरु हुँदैछ।

**पश्चिम बंगाल ED**

पश्चिम बंगालमा अवैध कोइला तस्करीसम्बन्धी मुद्दाको अनुसन्धानका क्रममा कोलकातामा गरिएको खोजी (छापामारी) अभियानबारे प्रवर्तन निर्देशनालय (ईडी) ले आफ्नो विस्तृत प्रतिवेदन दिल्लीस्थित केन्द्रिय मुख्यालयमा पठाएको छ। शुक्रबार नै केन्द्रिय गृह मन्त्रालयले ईडीसँग खोजीका क्रममा के–कस्ता घटनाक्रम भएका थिए भन्नेबारे जानकारी मागेको थियो। आज ईडीले सम्पूर्ण घटनाक्रमको विवरण तयार गरी दिल्ली पठाएको छ। यो प्रतिवेदन आगामी दिनमा केन्द्रिय गृहमन्त्री अमित शाहको कार्यालयसम्म पनि पुग्ने सम्भावना रहेको बताइएको छ।सूत्रहरूका अनुसार, साल्टलेक सेक्टर–५ स्थित आई–प्याक (इन्डियन पोलिटिकल एक्सन कमिटी) को कार्यालय तथा लाउडन स्ट्रिटमा रहेको संस्थाका प्रमुख प्रतीक जैनको निवासमा खोजी अभियान सञ्चालन गरेका ईडी अधिकारीहरूले आफ्ना प्रत्यक्ष अनुभव र घटनाक्रमका आधारमा यो प्रतिवेदन तयार गरेका हुन्। प्रतिवेदनमा खोजीका क्रममा केन्द्रिय सुरक्षा बल, कोलकाता पुलिस तथा राज्य प्रशासनको भूमिकाबारे पनि विस्तृत उल्लेख गरिएको छ।
ईडी स्रोतको दाबीअनुसार, बिहिबार भएको घटनाबारे गृह मन्त्रालयले विशेष रूपमा खोजीका क्रममा कस्ता–कस्ता अवरोध उत्पन्न भए भन्ने जानकारी मागेको थियो। यही आधारमा प्रत्यक्षदर्शी अधिकारीहरूको बयान समावेश गरी प्रतिवेदन तयार गरिएको हो। यद्यपि, ईडीले यसअघि नै जारी गरेको प्रेस विज्ञप्ति तथा कलकत्ता उच्च अदालतमा दायर गरिएका कागजातहरूमा सो दिनका घटनाहरूको उल्लेख गरिसकेको छ।

केन्द्रिय एजेन्सीको प्रतिवेदनमा खोजी अभियानका क्रममा मुख्यमन्त्री ममता ब्यानर्जीले हस्तक्षेप गरेको र कथित रूपमा ईडी अधिकारीहरूबाट महत्वपूर्ण कागजात जबरजस्ती खोसेको आरोप पनि समावेश गरिएको छ। प्रतिवेदनअनुसार, यो सम्पूर्ण विवरण अहिले दिल्ली पठाइएको फाइलमा पनि उल्लेख गरिएको छ।

**पश्चिम बंगाल I-PAC**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले खोजी अभियानको क्रममा I-PAC कार्यालय र निवासमा अवरोध पुऱ्याएको सम्बन्धमा कलकत्ता उच्च अदालतबाट तत्काल राहत पाउन असफल भएपछि प्रवर्तन निर्देशनालय (ED) ले सर्वोच्च अदालत

जाने तयारी गरिरहेको छ। यसैबीच, राज्य सरकारले सर्वोच्च अदालतमा अनलाइन आपत्ति दर्ता गरिसकेको छ। स्रोतका अनुसार ईडीले आज मुद्दा दर्ता गर्न सक्छ।

**ECI आवासीय परिसर**

यस वर्षको विधानसभा चुनाव अघि पश्चिम बंगालमा मतदान केन्द्रको व्यवस्थाप्रति भारतीय निर्वाचन आयोग (ECI) बढ्दो रूपमा चिन्तित भएको छ। भारतको निर्वाचन आयोग (ECI) राज्यमा ३०० वा सोभन्दा बढी मतदाताहरू भएको पहिचान गरिएका निजी आवासीय परिसरहरूको अत्यन्तै कम संख्याबाट असन्तुष्ट रहेको बताइएको छ।पश्चिम बंगालको मुख्य निर्वाचन अधिकारी (CEO) को कार्यालयका स्रोत अनुसार, राज्यमा अहिलेसम्म ३०० वा सोभन्दा बढी मतदाताहरू भएका ६९ वटा निजी आवासीय परिसरहरू मात्र पहिचान गरिएका छन्। यो संख्या आयोगको अनुमानित आवश्यकताभन्दा धेरै कम हो।यी ६९ आवासीय परिसरहरूमध्ये, सबैभन्दा बढी संख्या २५, दक्षिण २४ परगना जिल्लामा फेला परेको छ, त्यसपछि उत्तर २४ परगना जिल्लामा २२ वटा छन्, जुन दुवै कोलकातासँग जोडिएका छन्राजधानी कोलकातामा केवल १० वटा यस्ता निजी आवासीय परिसरहरूको पहिचानबाट आयोग पनि अचमित बनेको छ। यीमध्ये आठ उत्तर कोलकातामा र दुई दक्षिण कोलकातामा अवस्थित छन्। सीईओ कार्यालयका स्रोत अनुसार, राज्यको राजधानीमा पहिचान गरिएका परिसरहरूको संख्या कम भएकोमा निर्वाचन आयोग अचमित बनेको छ।यसका साथै, हुगली जिल्लामा पाँच, हावडा जिल्लामा चार र पूर्वी बर्दवान जिल्लामा तीन वटा निजी आवासीय परिसरहरू पहिचान गरिएका छन्। राज्यका बाँकी १४ जिल्लाहरूमा, तीन सय वा सोभन्दा बढी मतदाताहरू भएको एउटा पनि आवासीय परिसर फेला परेको छैन।

**हावड़ा तेल ट्याङ्कर आगलागी**

हावड़ा जिल्लाको सांकरेल थाना अन्तर्गत धूलागढ़ मोड़ नजिक राष्ट्रिय राजमार्ग संलग्न सर्भिस रोडमा हिज राती बागनान तर्फ गइरहेको एउटा तेल ट्याङ्करमा अचानक आगो लाग्दा यसै अवधि उक्त सड़क भएर गइरहेको चार वटा लरी र एउटा बस पनि आगोको चपेटमा पऱ्यो। हेर्दा-हेर्दै आगोले विकराल रूप धारण गऱ्यो अनि एउटा-एउटा गर्दै सबै वाहनहरू जलेर खरानी भयो। आगोलाई देखेर वरपरका मानिसहरूले तत्काल पुलिसलाई सूचना दिइयो।

खबर पाउनसाथ सांकरेल थानाको पुलिस, ट्राफिक पुलिर तथा दमकल विभागका चारवटा वाहनहरू घटनास्थलमा पुगे। दमकलकर्मीहरूले लगभग डेढ़ घण्टासम्म परिश्रम गरेर आगोलाई नियन्त्रण गरे। यस घटनाको कारणले सर्भिस रोडमा लामो समयसम्म यातायात पूर्ण रूपले बन्द रह्यो।पुलिस र दमकल सूत्र अनुसार आगको चपेटमा परेर चार वटा लरी र एउटा बस जलेर पूर्ण रूपमा नष्ट भयो। तथापि यस घटनामा कुनै पनि प्रकारको मानवीय क्षति भएको खबर छैन। पछि जल्दै गरेका वाहनहरूलाई सड़कबाट हटाएर सड़कमका यातायातलाई सुचारू बनाइयो।

**सिलगढ़ी मेट्रोपोलिटन पुलिस**

सिलगढ़ी मेट्रोपोलिटन पुलिसको पानीट्याङ्की ट्राफिक गार्डको पहलमा आज सिलगढ़ी ब्वोइज हाई स्कूलमा ट्राफिक जागरूकता शिविर आयोजना गरियो। यस शिविरको मुख्य उद्देश्य विद्यार्थीहरूमाझ ट्राफिक नियमहरूलाई लिएर जागरूकता फैलाउनु थियो।कार्यक्रममा सिलगढ़ीड ट्राफिक विभागका एसीपी अनिर्बान मजुमदार, पानीट्याङ्की ट्राफिक गार्डका केही पुलिस अधिकारी तथा स्कूलका शिक्षकहरू उपस्थित थिए। शिविर अवधि विद्यार्थीहरूमा विशेष उत्साह देख्न पाइयो।ट्राफिक जागरूकता शिविरमा ट्राफिक सिग्नल, सड़क पार गर्ने नियम, हेलमेट र सीट बेल्ट प्रयोगको महत्व तथा ट्राफिक कानूनहरूको पालन किन आवश्यक छ जस्ता विषयहरूमा सरल भाषाहरूमा छात्रहरूलाई बुझाइयो। कार्यक्रम प्रश्नोत्तर सत्रको पनि आयोजन गरियो जसमा छात्रहरूको सक्रिय सहभागिता रह्यो।छात्रहरूलाई ट्राफिक सिग्नल देखाएर त्यसलाई चिन्हित गरियो तथा ट्राफिकसित सम्बन्धित प्रश्नहरू सोधियो। सही उत्तर दिने छात्रहरूलाई पुरस्कार प्रदान गरी प्रोत्साहित गरियो जसबाट छात्रहरूमा अझ बढ़ी जोश र रूचि देख्न पाइयो।

**सशस्त्र सीमा बल सिलगढ़ी**

सशस्त्र सीमा बल (एसएसबी) को 41औं गण रानीडांगाको 'सी' कम्पनीले लागुऔषध तस्करी विरुद्ध ठूलो सफलता हासिल गरेको छ। कम्पनी कमाण्डरले शुक्रबार राति पाएको गुप्त सूचनाका आधारमा विशेष क्युआरटी (क्विक रेस्पोन्स टिम) ले कारबाही गर्दै 186 ग्राम शंकास्पद मोर्फिन सहित दुई तस्करलाई पक्राउ गऱ्यो। पक्रा पर्नेहरूमा 32 वर्षीय अकबर अन्सारी र 35 वर्षीय सरिफ अन्सारी सामेल छन्। दुवै सिलगढ़ी डिभिजनको खरीबाड़ी क्षेत्रका बासिन्दा हुन्। जफत गरिएको शंकास्पद मोर्फिन र पक्रा परेका दुवै तस्करलाई आवश्यक कारवाहीको लागि खोरीबाड़ी पुलिस थानालाई सुम्पिएको छ। पुलिस सूत्रहरू अनुसार, आज तस्करहरूलाई अदालतमा पेश गरियो।

## माकपाको श्रमिक संगठन दार्जिलिङ

माकपाको श्रमिक संगठन दार्जिलिङ चियाकमान मजदुर युनियन दार्जिलिङ जिल्ला कमिटिले आज मिरिकमा पद यात्राको आयोजना गर्यो। पदयात्रा मिरिक निगाले फाटक ट्याक्सी स्टयाण्डदेखि थर्बु चेकपोष्ट हुँदै थर्बु चियाकमान निम्नप्रान्तको विभिन्न गाँउसम्म गरियो जहाँ युनियन नेताहर पुगेर श्रमिकहरूसित भेट गरि जागरूगता गराँउने कार्य गरियो।

गत 21 दिसम्बरमा एनडीए सरकारले श्रमिकहरूमाथि चारवटा श्रम कोट लागू गरेको प्रतिवाद , एमजीनरेगाको नाम परिवर्तन गरेर राष्ट्रिय पीता माहत्मा गान्धीको अपमान गरेको प्रतिवाद,दुई सय दिन रोजगारको मागमा पद यात्रा गरेर श्रमिकहरूलाई बुझाँउने कार्य गरियो। यस अवसरमा दार्जिलिङ चियाकमान मजदुर युनियनका जिल्ला सचिव समन पाठक, खरसाङ क्षेत्र कमिटि सचिव चेतन गुरूङ,जिल्ला सदस्यहरू सचिन खाती ,रेजिना राई, किस्मत तामाङ,उत्तम शर्मा लगायत श्रमिकहरू उपस्थित थिए। यस अवसरमा बोल्दै दार्जिलिङ चियाकमान मजदुर युनियनका जिल्ला सचिव समन पाठ, खरसाङ क्षेत्र कमिटि सचिव चेतन गुरूङ,जिल्ला सदस्यहरू सचिन खाती ,रेजिना राई, किस्मत तामाङले गत 21 दिसम्बरमा एनडीए सरकारले श्रमिकहरूमाथि चारवटा श्रमकोट लागू गरेको जसले देशभरि प्रतिवाद गर्ने क्रममा मिरिकमा पनि गरिएको जानकारी गराए|

## मौसम विभाग

मौसम विभागको अनुसार मकर संक्रान्तिसम्म बंगालमा जाड़ोको प्रभाव स्थिर रहनेछ। उत्तर एवं दक्षिण बंगालका केही जिल्लाहरूमा बिहानी पाख बाक्लो कुहिरो लाग्ने सम्भावना छ जसका कारण दृश्यता कम हुनेछ। चिसो हावाको कारणले उत्तर एवं दक्षिण 24 परगना, मुर्शिदाबाद अनि नदिया जिल्लामा जाड़ोको 'रियल फील' दर्ता तापमानभन्दा कम महसूस हुनेछ।

गंगासागर मेलामा जाने तिर्थ यात्रीहरूको लागि बिहानको समय बाक्लो कुहिरो लाग्ने हुनाले विशेष चेताउनी जारी गरिएको छ। कुहिरोको कारणले काकद्वीप–कचुबेरिया फेरी अनि वेसल सेवा बाधित हुने सम्भावना व्यक्त गरिएको छ।

उत्तर बंगालमा पनि चिसोको प्रभाव यथावत रहनेछ। कुचबिहार तथा उत्तर र दक्षिण दिनाजपुरमा जाड़ो वास्तविक तापमानभन्दा कम महसूस हुनेछ। यसको साथै दार्जीलिङ, जलपाईगुड़ी, कुचबिहार तथा उत्तर दिनाजपुरमा बाक्लो कुहिरो लाग्ने अलर्ट जारी गरिएको छ।

## घैयाबारी फुटबल टुर्नामेन्ट

घैयाबारीमा भईरहेको नगदराशि फुटबल टुर्नामेन्टको पाँचौं खेलमा घैयाबारी एफसी क्वाटर फाइनलमा प्रवेश गरेको छ। घैयाबारी स्पोर्टस् वेलफेयर एसोसिएसनको आयोजनामा 3 जनवरीदेखि भईरहेको नगदराशि फुटबल टुर्नामेन्ट अन्तर्गत आज घैयाबारी एफसी र पन्थाबारी एफसी बागडोगरामाझ सम्पन्न भएको थियो। यस खेलको पहिलो हाफको समयमा घैयाबारी एफसीको तर्फबाट जर्सी नम्बर 11 विशेष प्रधानले गोल गरेर बढत बनाएका थिए भने दोस्रो हाफको खेलमा पनि घैयाबारी एफसीको तर्फबाट जर्सी नम्बर 10 मोहित ढुंगानाले गोल गरेर खेल 2-0 को बढत बनाएका थिए। पन्थाबारी एफसीले गोल गर्ने धेरै प्रयास गरे पनि कुनै गोल गर्न नसकेपछि खेल 2-0 को अन्तरले जितेर घैयाबारी एफसी क्वाटर फाइनलमा प्रवेश गरेको छ।

****** ० ******